## एकाई - १ म र मेरो परिवार

**सिकाई उपलब्धी**

- स्थानीय भाषामा आफ्नो परिचय भन्न र लेख्न ।
- स्थानीय भाषामा परिवारको नाता भन्न
- स्थानीय भाषामा नाता पहिचान गर्न




## पाठ १

## (क) मु र मेरो परिवार

नमस्कार, मेरो नाउँ कविर रेग्मी हो । मेरो घर साफेवगर नगरपालिका वडा नं. २ जाल्पादेवी हो ।





नमस्कार, मु रिता सुवेदी हु । मु पन साफेवगर २, श्रीकोटमा बस्तोछु ।

**तल दिइएका प्रश्नको उत्तर भन्नुहोस् ।**

क) तम्रो नाउँ क्या हो ?

ख) तम्रो घरमा को को बस्ताछन् ?

ग) तुम्रो बुवाको नाउँ के हो ?

घ) तुम्री आमा के गर्नु हुन्छ ?

ङ) तुम्रा घरमा कति जना दाइभाई छन् ?

# मेरो परिचय



नमस्कार, मेरो नाउँ अनुशा कुँवर हो । मु साफेवगर नगरपालिका वडा नं. २, जाल्पादेवी, वागभिडी टोलमा बस्तोछु । मेरा घरमा ५ जना सदस्य छन् । मेरा घर आमा, बा, दाई, दिदि र मु छौँ । मेरो आमा बा दुवै विद्यालयमा पढाउनु हुन्छ । हामी भाइबिना विद्यालयमा पड्डाछुँ ।

**<u>अभ्यास</u>**

**१) तम्रो घरपरीवारका सदस्यको फोटो खाली कोठामा टास्नु होस् ।**

| | | |
|---|---|---|
| बुवा | आमा | दाई |
| बहिनी | म | |

**२) तलका वाक्यमा ठीक बेठीक लेख्नुहोस् ।**

क) अनुशा कुँवरको घर साफेवगर वडा नं. २ मा पड्डो छ । ☐

ख) अनुशाको टोलको नाम श्रीकोट हो । ☐

ग) अनुशाको परीवारमा ४ जन सदस्य हुन् । ☐

घ) अनुशाको आमा बा शिक्षक हुन् । ☐

**३) तलका खाली ठाउमा लेख्नुहोस् ।**

मेरो नाम ............................................... हो । मेरो घर .................................. गाँउ/नगरपालिका, वडा नं. ................ मा पर्दछ । मेरो घरमा ............. जना सदस्यहरु हुनुहुन्छ । मेरो परीवारमा ................................................ छौं ।

**४) तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क) अनुशाको घर साफेवगर नगरपालिका कति बडा नं. मा पर्छ ?

उत्तर) ..................................................................................

ख) अनुशाको टोलको नाम के हो ?

उत्तर) ..................................................................................

ग) अनुशाको घरमा कति जना सदस्य छन् ?

उत्तर) ..................................................................................

घ) अनुशाका बुवा आमा के गर्दछन् ?

उत्तर) ..................................................................................

ङ) तम्रो घर साफेवगर नगरपालिका कति नं. वडामा पड्डोछ ?

उत्तर) ..................................................................................

च) तम्रा गाउँको नाम के हो ?

उत्तर) ..................................................................................

छ) तम्रो नाम के हो ?

उत्तर) ..................................................................................

**परियोजना कार्य :**

**तम्रोका परिवारका सदस्यहरुको नाउँ लेख्नुहोस् ।**

क) ............................................. ख) .............................................

ग) ............................................. घ) .............................................

ङ) ............................................. च) ..........................................

## (ख) मेरो नाता सम्वन्ध




| वाज्या | बज्यै | बुवा | आमा | काका | काकी | भाई |
|---|---|---|---|---|---|---|
| बहिनी | ठूला बुवा | ठूली आमा | दाई | दिदि | | |

### संवाद बढौँ र छलफल गरौँ

(सिता र उनकी दिदी आगनमा खेल्दै थिए । आमा भित्र खाजा नाउदै हुनुहथ्यो ।)

सीता : आमा खाजा पाक्यो ?

दिदी : भर्खर आमा भित्र जानुभयो, खाजा पाके पछि बोलाई हाल्नु हुन्छ नी ।

सीता : ए बाज्याबज्यै आउनु भएछ ।

दिदी : औंएँ हुन् धेकी ।

(दुवै दिदि र बहिनी दौडेर गई बाज्या र बज्यैलाई ढोग गर्दछ । बाज्या र बज्यैले आर्शिवाद दियो ।)

सीता : नाप आराम गर्न्य होकी बाज्या र बज्यै ? आओ भित्र मुज्याला बसु ।

बाज्या : निकाई छौ बा । तम्रो सउच्याइ लागी भेट्न आएका हु हामी बड्डा बड्डी ।

दिदी : आमा बाज्य र बज्यै आया क्या गर्नी छव बाहिर आओ ।

आमा : (भित्रवाट हतारिदै आई) ढोग गरे बा, ढोग गरे आमा) कइतक आया ? मु त भित्र छ्या, थायै पायान् ।

बाज्या : भाग्यमानी ! निकाई छवकी, हामी अइलै आयाका हुँ ।

आमा : हट भित्र जाउ आराम गरवला । खादै कुडाकानी गरुली हाया ?

(सवैजना भित्र गई कुडाकानी गर्दै ।)

## अभ्यास

**१) तलका सम्बन्ध र नाता विच जोडा मिलाओ ।**

| सम्वन्ध | स्थानिय भाषामा नाता |
|---|---|
| बुवाका बुवा | काका |
| आमाकी आमा | फुपु |
| बुवाको भाई | बाजेऊ |
| बुवाकी बहिनी | बज्यै |
| आमाका भाई | बौरानी |
| आमाकी बहिनी | बउजु |
| भाईको श्रीमति | मामा |
| दाईकी श्रीमति | कैसी |

**२) खाली ठाँउ भर ।**

क) हामीले आफु भन्दा ठूला व्याक्तिलाई ...................... गर्नुपर्छ । (आदर, गाली)

ख) हामीले आफु भन्दा साना व्याक्तिलाई ...................... गर्नुपर्छ । (माया, घृणा)

ग) घरमा पाहुना आएमा ...................... गर्नुपर्छ । (स्वागत,बेवास्ता)

घ) काका काकी घरमा आएमा ..................... गर्नुपर्छ । (ढोग, आर्शिवाद)

ङ) बाटोमा शिक्षकलाई भेटेमा .................... गर्नुपर्छ । (नमस्कार , बेवास्ता)

च) छिमेकीमा ...................... गर्नुपर्छ । (झगडा, सहयोग)

३) तम्रा अभिभावकलाई आफ्ना घरका सदस्यको नाम र नाता सोधी तलको तालिकामा लेख्नुहोस् ।

| क.सं. | परीवारका सदस्यको नाउँ | तम्रो नाता |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४ | | |
| ५. | | |

**४) तलका प्रश्नको उत्तर लेख ।**

क) तम्रोको घरमा को को हुनु हुन्छ ?

उत्तर) ............................................

ख) तम्रोको आमाले के कामु गर्नु हुन्छ ?

उत्तर) ............................................

ग) तम्रो भन्दा ठूलो परिवारको सदस्यसंग पहिलो पटक भेट हुदा के गर्नु हुन्छ ?

उत्तर) ............................................

घ) तम्रोको बाको भाइलाई के भन्नु हुन्छ ?

उत्तर) ............................................

ङ) तम्रोको आमाको भाइलाई के भन्नु हुन्छ ?

उत्तर) ............................................

**परियोजना कार्य :**

तम्रा ५ जना छिमेकीको नाउँ लेखी उहासँगको नाता उल्लेख गर्नुहोस् ।

| **क्र.सं.** | **छिमेकीको नाउँ** | **तम्रो उहासंगको नाता** |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

# एकाइ २

# मेरो दैनिक जीवन

**<u>सिकाइ उपलव्धी</u>**

- व्याक्तिगत सरसफाइमा प्रयोग गरिने सामाग्रीको सूचि तयार गर्न ।
- स्थानिय स्तरमा खेलीने खेलको नाम लेख्न र भन्न ।



## (क) व्यक्तिगत सरसफाई






हामीले विहान र वेलुकी दिनको २ पटक दात माभ्न्नु पर्दछ । दात माभिएन भने दातमा किरा लाग्छ र मुखमा गन्ध पनी आउछ । दात सफ ।गर्न ब्रसको प्रयोग गर्नु पर्छ ।




आखालाई सफा पानीने धुनु पर्दछ । आखामा तेजिलो बनाउन हरियो सागपात र पहेला फलफुल खानु पर्दछ ।

नाकलाई सफा राख्नु पर्छ । नाकलाई सफा रुमालले सफा गर्नु पर्दछ । जथाभावी नाक छुनेवा कोट्याउने काम गर्नु हुदैन ।





कानले सुन्ने काम गर्दछ । हाम्रा २ वटा कान हुन्छन् । कानमा फोहर भएमा चिलाउछ । कानको सफाई गर्दा सुरक्षित तरिकाले सफा कपडा वा कपास वेरिएको सिन्काले सफा गर्नु पर्दछ । कानलाई जथाभावी कोट्याउनु हुदैन ।

छाला सफा गर्न समय समयमा सावुन पानीले नुहाउनु पर्दछ । छालामा फोहोर भयो भने जिउ चिल्याउने, खटिरा आउने, घाउ हुने गर्दछ ।





खाना खानु र खाना खाई स के पनि अनिवार्य हात धुनु पर्दछ । घर वाहिरवाट आउदा सधै खुट्टा धुने वानी बसाल्नु पर्दछ । हात खुट्टा सफा गर्न सावुन पानीले धुनु पर्छ ।

## अभ्यास

**१) जोडा मिलाउनुहोस् ।**

| **सरसफाइका सामाग्रीको चित्र** | **फोटो शारिरीक अंग** |
|---|---|
| ब्रस | कान सफा गर्न |
| काइयो | नुहाउनु |
| नङ्गकाटर | नङ्ग काट्न |
| सफा कपडा | कपाल कोर्न |
| सावुन | कपाल |
| | दात माझ्न |

**२) तलका भनाई ठिक भए (✔) र वेठीक भए (✖) चिन्ह लगाँउनुहोस् ।**

क) आखाको काम हेर्ने हो । ☐

ख) आखामा तिखो बस्तुले धोच्नु पर्छ । ☐

ग) आखा तेजिलो बनाउन हरियो सागपात र पहेला फलफुल खानुपर्छ । ☐

घ) आखा सफा पानीले धुनु पर्दछ । ☐

ङ) आखामा घुलो, फोहोर पस्न दिनुपर्छ । ☐

**३) व्यक्तिगत सरसफाई गरिने उपयुक्त सामाग्री छनोट गर्नुहोस् ।**

| **अंङ्गहरु** | **सामाग्री** |
|---|---|
| अनुहार | टावेल / ब्रस |
| दात | ब्रस / सावुन |
| आखा | सफा पानी / एसिड पानी |
| शरीर | सावुन /काइयो |
| नङ्ग | नङ्गकटर / काइयो |
| कपाल | काइयो / ब्रस |

**४) बाकसमा दिइएका उपयुक्त शव्दलाई खाली ठाउ भर्नुहोस् ।**

| | | | | |
|---|---|---|---|---|
| **सावुन,** | **कपाल,** | **असल,** | **नङ्ग,** | **ब्रस** |

क) हामीले सधै ....................... कोर्नु पर्छ ।

ख) हात सफा राख्न ....................... पनि काट्नु पर्छ ।

ग) ....................... बानी अपनाउनु पर्छ ।

घ) साझ र विहान दात ....................... गर्नु पर्छ ।

ङ) ....................... पानीले हात खुट्टा धुनु पर्छ ।

**५) तलका प्रश्नको उत्तर भन्नुहोस् ।**

क) तपाई कुन कुन वेला हात धुनु हुन्छ ?

उत्तर) ...................................................................

ख) तपाई दात के ले माझ्नु हुन्छ ?

उत्तर) ...................................................................

ग) नाक फोहोर भए के ले पुछ्नु हुन्छ ?

उत्तर) ...................................................................

घ) व्याक्तिगत सरसफाइमा प्रयोग गरीने कुनै ४ वटा सामाग्रीको नाम लेख्नुहोस् ?

उत्तर) ...................................................................

ङ) काइयो के गर्न प्रयोग गरिन्छ ?

उत्तर) ...................................................................

च) व्याक्तिगत सरसफाई भनेको के हो ?

उत्तर) ...................................................................

**परियोजना कार्य :**

हाम्रो शरीर सफा गर्न चाहिने कुनै ५ वटा सामानको नाम लेख्नुहोस् ।

१)

२)

३)

४)

५)

**गीत गाँउनुहोस ।**

सुन सुन साथी हो ।

सफा पानी पिउने हो ।।

उमालेर पिउने पानी ।

बसालौ हाम्रो बानी ।।

## (ख) स्थानीय खेल

### खेलौँ र बुझौँ



लक्कु ढाल



एक खुट्टे खेल



गट्टा



डन्डी वियो



डोरी खेल



रुमाल लुकाइ

मिति : २०७९/८/१

प्रिय साथी क्षितिज,

नमस्कार, भोली शनिवार हो । शनिवारको दिन हाम्रो विद्यालय विदा हुन्छ । शनिवारको दिनमा घरमै वसेर साथी भाई मिलेर बिभिन्न खेल खेल्छौं । हामीले खेल्ने खेलहरुमा नाम डण्डी वियो, गोट्टा, लक्कु ढाल, डोरी तान्ने, रुमाल लगाई, दौड आदि हुन् । तपाई पनि विद्यालय विदामा कुन कुन खेल खेल्नु हुन्छ । अर्को पत्रमा जानकारी पाउ ।

धन्यवाद

**तपाईको साथी**

सन्तोष

## अभ्यास

**१) तपाइको स्थायिन भाषामा तलका खेललाई के भनिन्छ लेख्नुहोस् ।**

| | |
|---|---|
| डण्डी वियो | |
| गट्टा | |
| लक्कु ढाल | |
| एक खुट्टे खेल | |

## २) जोडा मिलाउनु होस् ।

दौड



डण्डी बियो



गोट्टा



लक्कु ढाल



रुमाल लुकाई



डोरी तान्ने



**३) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) चिठी कसले कसलाई लेखेको हो ?

उत्तर) ..........................................................................

ख) सन्तोषले खेल्ने खेलका नाम के हुन् ?

उत्तर) ..........................................................................

ग) तपाईलाई मन पर्ने खेल कुन हो ?

उत्तर) ..........................................................................

घ) चिठी कहिले लेखेको हो ?

**४) चित्रमा देखाए जस्तै गरी रुमाल लुकाउने खेल खेलाउने ।**



**५) परियोजना कार्य :** अभिभावकसंग छलफल गरी तपाईको समुदायमा खेलिने खेलहरुको सुचि तयार पारी प्रस्तुत गर्नुहोस् ।

## एकाई - ३ हाम्रो समुदाय

### सिकाई उपलव्धी

- आफ्नो गाउ तथा टोलको नाम लेख्न ।
- समुदायमा गरिने कामको सूचि तयार गर्न ।
- सार्वजनिक स्थलनको नाम बताउन ।
- समुदायमा रहेका प्रथाहरुको नाम बताउन ।








# (क) मेरो गाउँ



यो मेरो गाँउ हो । मेरो गाँउको नाम वागभिडी हो । मेरो गाँउ साफेवगर २ जाल्पादेवी मा पर्दछ । मेरो गाँउ सानो र सुन्दर छ । मेरो गाँउको पूर्वमा बुढिगंगा नदि र पश्चिममा प्रशिद्ध देवी त्रिपुरा सुन्दरीको मन्दिर छ । मेरो गाँउको उत्तरमा साफेवगर हाटवजार र दक्षिणमा बैधनाथ धाम पर्दछ । मेरो गाँउको वीचमा सेती लोकमार्ग पर्दछ । मलाई मेरो गाँउ घेरै मन पर्दछ ।

## अभ्यास

### १) खाली ठाउ भर्नुहोस् ।

क) मेरो गाउँको नाम ........................... हो ।

ख) मेरो गाउँ साफेवगर नगरपालिका, वडा ...... मा पर्छ ।

ग) मेरो गाउँ सानो र ............. छ ।

घ) मेरो गाउँको विचमा ............... लोकमार्ग पर्दछ ।

**२) ठीक बेठीक छुट्याउनुहोस् ।**

क) साफेवगर नगरपालिका वडा नं. २ मा जाल्पादेवी पर्दछ । ☐

ख) वागभिडी दक्षिणमा बैद्यनाथ मन्दिर छ । ☐

ग) वागभिडी विचमा मध्य पहाडी लोकमार्ग पर्दछ । ☐

घ) गाउँको विचमा त्रिपुरा सुन्दरीको मन्दिर छ । ☐

ङ) बागभिडीको दक्षिणमा बैद्यनाथ धाम पर्दछ । ☐

**३) तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क) तपाइको गाँउको नाम के हो ?

उत्तर) .......................................................................

ख) साफेवगर नगरपालिका २ को विचमा कुन मार्ग पर्दछ ?

उत्तर) .......................................................................

ग) बागभिडी गाँउको पूर्व तिर के पर्दछ ?

उत्तर) .......................................................................

घ) साफेवगर हाटवजार बागभिडीको कुन दिशामा पर्दछ ?

उत्तर) .......................................................................

ङ) तपाईको गाउँ साफेवगर नगरपालिका कति नं. वडामा पर्दछ ?

उत्तर) .......................................................................

**४) स्थानिय गीत गाऔँ र नाचौँ । शिक्षकले गीत गाँउन र नाच्न सहयाग गर्ने ।**

**परियोजना कार्य :** अभिभावकसंग सोधखोज गरी तपाइको वडामा पर्ने अन्य गाँउ (टोल) हरुको नाम लेख्नुहोस् ।

| वडा नं. | गाँउ (टोल) हरुको नाम |
|---|---|
| | ........................<br>........................<br>........................<br>........................<br>........................ |

## ख) <u>समुदायको काम</u>









**संवाद पढौँ र छलफल गरौँ ।**

(सपना र रचना विद्यालयवाट घर फर्कदै छन् । वाटामा उनीहरु आ–आफ्ना परिवारका कामका विषयमा कुरा गर्दछन् ।)



**रचना :** (सपनाको हात तान्दै) अलि छिटो हिडौन । घरमा धेरै काम गर्नु पर्छ । वुवा घर चिन्ने काम गर्नु हुन्छ ।



**सपना :** हो र ......... (छक्क पर्दै) मेरो वुवा पनि पसलमा काम गर्नुहुन्छ र आमा लुगा सिलाउने काम गर्नु हुन्छ । अति तिम्रो आमा नी ।



**रचना :** मेरो आमा खेतमा काम गर्नुहुन्छ । अनी उहालाई पनि फुर्सद हुदैन । घरको काममा मैले नै सहयोग गर्छु ।

**सपना :** मेरो घरमा आमा बुवा ढीलो घर आउनु हुन्छ । साफेमा पसल छ । हजुरआमा र म घरको काम गर्दछौ ।

**रचना :** अ है साफे कति राम्रो छ ।

**सपना :** अ मलाई घुम्न मन छ ।

**रचना :** ल हेर ..................... हामी त कुरा गर्दै गर्दै घर पो पुगेछौँ । ल अव आ आफ्नो घर लागौँ । **(दुबै जना आ आफ्नो घर जान्छन् ।)**

## <u>अभ्यास</u>

### १) धर्का तानेर जोडा मिलाउनुहोस् ।



किसान



पसले (व्यापारी)



बस चालक



डाक्टर



डकर्मी



सिकर्मी



शिक्षक

### २) ठीक बेठीक छुट्याउनुहोस् ।

क) रचनाको आमा कृषक हुन् । ☐

ख) रचनाको साफेमा पसल छ । ☐

ग) रचनालाई साफेवजार घुम्न मन लाग्छ । ☐

घ) सपनाको आमाले सिलाई कटाइको काम गर्नु हुन्छ । ☐

ङ) रचना र सपना विद्यालय जादै छन । ☐

**३) तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क) माथीको संवादमा कस कस विच कुराकानी हुदैछ ?

ख) रचनाको वुवाले कुन काम गर्नु हुन्छ ?

ग) सपनाको आमाले कुन पेसा अपानाउनु भएको छ ?

घ) साफेमा कसको पसल छ ।

ङ) कसलाई साफे मन पर्छ ।

**४) दुइ जनाको समूह वनाई आ–आफ्ना बुवा आमाले गर्ने कामको बारेमा सोध्ने ।**

**परियोजना कार्य :** तपाइको अभिभावकसंग छलफल गरी समुदायमा काम गर्ने कुनै पाच (५) जनाको नाम, पेसा सोधेर तलको तालिकामा लेख्नुहोस् ।

| क्र.सं. | समुदायको व्याक्तिको नाम | गर्ने काम (पेशा) |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |


**(सवै मिली : गीत गाऔँ र रमाऔँ)**

अन्न फलाउने किसान दाई

गाडी चलाउने ड्राइभर दाई
घर बनाउने डकर्मी दाई
काठ बनाउने सिकर्मी दाई
सलाम छ है सबै पेशालाई

## ग) हाम्रा साझा सम्पत्ती

सार्वजनिक स्थलहरु हामी सवैका साझा सम्पत्ती हुन । हाम्रो ठाउका मन्दिर, विद्यालयका मन्दिर, बाटोघाटो, पाटीपौवा, बाटो, पटकानी, धाराकुवा इनार र नदि हाम्रा साझा सम्पत्ती हुन ।





सबै टोलवासी एकजुट भएर आफ्नो टोलका साझा सम्पत्तीको संरक्षण गर्नु पर्छ । हाम्रो गाँउ सफा छ त्यसैले हाम्रो गाँउलाई सबैले मन पराउछन् ।





## अभ्यास

**१) खाली ठाउँमा उपयुक्त हुने शव्द छनौट गर्नुहोस् ।**

क) बालबालिका पढ्ने ठाउँ ................ (विद्यालय, चौतारा)

ख) पुजा आजा गर्ने ठाउँ ................ (बाटो, मन्दिर)

ग) पानी भर्ने ठाँउ ................ (धारा, चौतारा)

घ) गाउँघरको छलफल गर्ने ठाउँ ................ (पटकानी, बाटो)

**२) तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क) सार्वजनिक सम्पत्ती भनेका के हुन् ?

उत्तर) ..........................................................................

ख) तिम्रो गाँउ रहेका सार्वजनिक स्थललाई के के हुन् ।

उत्तर) ..........................................................................

ग) साझा सम्पत्तीको संरक्षण कसले गर्नुपर्छ ?

उत्तर) ..........................................................................

घ) कस्तो गाउँलाई सबैले मन पराउछन् ।

उत्तर) ..........................................................................

**गीत गाऔं र नाचौं**

फुलवारीमा फुल फुले थारीथरीका ।
कति राम्रा रंगी चंगी पुलती डुलेका ।।
भौरीहरु गुन गुनउदै फलमा झुलेका ।
अहा, हामी सबै चौतारा कति रहेका ।।

**३) धर्का ताजेर जोडा मिलाउनु होस् ।**



विद्यालय



अस्पताल



पटकानी



मन्दिर



धारा

**४) तपाईको अभिभावकसंग छलफल गरी गाँउमा रहेका कुनै ५ वटा सार्वजनिक स्थलको नाम लेख्नुहोस् ।**

.............................................................

.............................................................

.............................................................

.............................................................

.............................................................

## घ) सामाजिक प्रथा

मेरो गाउँमा विभिन्न जातजातिका मानिस वसोवास गर्छन् । सबै एक अर्कासंग मिलेर बसेका छौ । हामीहरुका पुर्खाहरुले विभिन्न सामीजक प्रथा प्रचलनमा ल्याएका छन् । एक आपसमा आलोपालो गरी **पडिमो** गर्दछौँ । माघ महिनामा विवाहित छोरी बहिनीलाई, सेल, पुरी तथा दक्षिणा सहितको परिकार दिएर **चेली तिहार** मनाइन्छ ।





हाम्रो समाजमा विवाह हुनु भन्दा अघिल्लो दिन महिलाहरुले विशेष रमाइलो गरी **रत्यौली (रतेडी**) गर्ने गरिन्छ । मंसिर महिनामा समूह समूह बनाई घरघरमा जाने, रमाइलो गर्ने र चामल पैसा माग्ने **भैलो तिहार** पनि मनाइन्छ ।



## अभ्यास

**१) जोडा मिलाउनुहोस् ।**

| **कार्य** | **प्रथा** |
|---|---|
| क) आलो पालो गरी समूहमा गरीने काम | भैलो तिहार |
| ख) विवाहित छोरी बहिनीलाई विशेष परिकार दिने | रत्यौली |
| ग) मान्यजान तथा आफन्तलाई फलफुल, दुधदहि दिने तिहार | पडिमो |
| घ) विवाहको अघिल्लो दिन महिलाहरुले गर्ने रमाइलो | चेली तिहार |
| ङ) समूह बनाई घरघर गई रमाइलो गरी चामल तथा पैसा माग्ने तिहार | ओल्के तिहार |

**२) खाली ठाँउमा उपयुक्त छनोट गरी लेख्नुहोस् ।**

क) आ-आफ्नो उमेर समूह बनाई साझ घरघर गई रमाइलो गर्दै पैसा तथा चामल माग्ने तिहार .................. हो । (रत्यौली, भैले तिहार)

ख) आफ्ना मान्यजन तथा इष्टमित्रलाई फलफुल, सागपात, दुधदहि आदि पठाउने .................. तिहार हो । (ओल्के तिहार, पडिमो)

ग) गाउँघरमा मानिसहरुले पालैपालो मिलेर गरिने काम .................. हो । (पडिमो, रत्यौली)

घ) विवाहित छोरीबहिनीलाई कोसेली बनाई दिने .................. तिहार हो । (ओल्के, चेली)

ङ) विवाहको अघिल्लो दिन महिलाहरुले गरिने मनोरञ्जन .................. हो । (पडिमो, रत्यौली)

**३) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) पडिमो कस्तो सामाजिक प्रथा हो ?

उत्तरः ......................................................

ख) चेली तिहार कसरी मनाइन्छ ?

उत्तरः ......................................................

ग) ओल्के तिहारमा के गरिन्छ ?

उत्तरः ......................................................

घ) विवाहको अघिल्लो दिन महिलाले गरिने मनोरञ्जनलाई के भनिन्छ ?

उत्तरः ......................................................

ङ) तपाइको समुदायमा रहेका कुनै ४ वटा सामाजिक प्रथाको नाम लेख्नुहोस् ।

उत्तरः ......................................................

**परियोजना कार्य :**

तपाईका अभिभावकसंग छलफल गरी तपाईको समुदायमा रहेका कुनै ४ वटा सामाजिक प्रथाको नाम लेखी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।

एकाई - ४ हाम्रो विद्यालय

## सिकाई उपलव्धी

- विद्यालयको नाम र ठेगाना भन्न र लेख्न ।
- कक्षाकोठाको सरसफाइ गर्न ।
- विद्यालयमा अनुशासित प्रदर्शन गर्न ।
- विद्यालयमा शिष्टाचार व्यावहार गर्न ।





# (क) हाम्रो विद्यालय



मेरो विद्यालयको नाम श्री त्रिपुरा सुन्दरी माध्यामिक विद्यालय हो । मेरो विद्यालय श्रीकोटमा छ । मेरो विद्यालयमा साफेवगर नगरपालिका वडा नं. २ मा पर्दछ । मेरो विद्यालयको विचमा पिपलको रुख छ । हाम्रो विद्यालयमा खेलकुद हुदा हामी मैदानको प्यारफिटमा बस्छौ । मैदानको उत्तरतर्फ सरस्वतीको मन्दिर छ । हामी सबै मिलेर विद्यालय सफा सुग्घर राख्छौँ ।

## अभ्यास

### १) ठीक बेठीक छुट्याउनुहोस् ।

क) श्री त्रिपुरा सुन्दरी माध्यामिक विद्यालय वडा नं. २ मा पर्दछ । ☐

ख) विद्यालयको विचमा आपको रुख छ । ☐

ग) विद्यालयमा खेलकुद हुदा विद्यार्थीहरु चौरमा बस्छन् । ☐

घ) मैदानको दक्षिणतर्फ सरस्वतीको मन्दिर छ । ☐

ङ) सबै मिलेर विद्यालय सफा राख्छौँ । ☐

**२) खाली ठाउँमा उपयुक्त वाक्य लेख्नुहोस् ।**

क) मेरो विद्यालयको नाम .......................... हो ।

ख) मेरो घर साफेँवगर नगरपालिका वडा नं. ....... मा पर्छ ।

ग) मेरो विद्यालय साफेवगर नगरपालिका ....................... टोलमा अवस्थीत छ ।

घ) हाम्रो विद्यालयमा कक्षा .................... सम्म पढाई हुन्छ ।

**३) तलका प्रश्नको उत्तर भन्नुहोस् ।**

क) तपाईको विद्यालयको नाम के हो ?

उत्तर) ...........................................................................................

ख) तपाईको विद्यालय कुन गाउँ टोलमा पर्दछ ?

उत्तर) ...........................................................................................

ग) तपाईको विद्यालय कति नम्वर वडामा पर्दछ ?

उत्तर) ...........................................................................................

घ) तपाइको विद्यालय कसले सफा राख्छ ?

उत्तर) ...........................................................................................

ङ) श्री त्रिपुरा सुन्दरी माध्यामिक विद्यालय कुन वडामा पर्दछ ?

उत्तर) ...........................................................................................

**४) विद्यार्थीलाई विद्यालयको चित्र बनाउन लगाँउने ।**

**परियोजना कार्य :** कक्षा कोठामा छलफल गरी तलका अभ्यासमा ठिक चिन्ह लगाँउनुहोस ।


| क्र.सं. | तपाइको विद्यालयमा भएको सुविधा | छ | छैन |
|---|---|---|---|
| १. | खानेपानीको धारा | | |
| २. | छात्रा र छात्रको लागी अलग अलग शौचालय | | |
| ३. | किताव पढ्ने पुस्तकालय | | |
| ४. | सफा कक्षा कोठा | | |
| ५. | विद्यार्थी मैत्री बेन्च र डेस्क | | |
| ६. | खेल मैदान | | |
| ७. | करेसा वारी तथा बगैचा | | |
| ८. | कक्षा कोठामा डस्टविन | | |
| ९. | कक्षा कोठामा बुक कर्नर | | |
| १०. | कक्षा कोठाको सजावट | | |

## (ख) विद्यालयमा सरसफाई र अनुशासन

### हेरौँ र बुझौँ








### संवाद पढौँ र बुझौँ

(शिक्षकको कक्षा कोठामा प्रवेश हुन्छ । सबै विद्यार्थी उभिएर शिक्षकलाई अभिवादन गर्दछन् र आ-आफ्नो ठाउँमा बस्छन् ।)

विद्यार्थी : नमस्कार सर !

शिक्षक : नमस्कार, तपाईहरु सबै सन्चै हुनु हुन्छ ?

विद्यार्थी : हामी सन्चै छौँ । हजुर नी सर ?

शिक्षक : म पनि सन्चैँ छु । तपाइहरुलाई हाम्रो विद्यालय हेर्दा कस्तो लाग्छ ?

विद्यार्थी : सफा र सुन्दर लाग्छ सर ।

शिक्षक : ल भन्नुहोस् हाम्रो विद्यालय किन यति सफा र सुन्दर छ ?

विद्यार्थी : हामी खाजा खादा निस्केको फोहोर, विस्कुट, चाउचाउ तथा चकलेटका खोललाई जतापायो उतै नफाली डस्टविनमा मात्र राख्छौँ । अनि पालै पालो दैनिक कक्षाकोठा सरसफाइ गर्छौं ।



शिक्षक : हो, हामी आफुले फोहोर नगर्ने र समय समय सरसफाइ पनि गरि रहने जस्ता राम्रा कामहरु गर्ने भएकाले नै हाम्रो विद्यालय सफा, स्वच्छ र सुन्दर देखिएको हो । हवस् त विद्यार्थी भाइवहिनीहरु भोलि भेटौला ।

विद्यार्थी : धन्यवाद सर !

## अभ्यास

**१) तलका वाक्यहरुलाई ठीक वेठीक छुट्याउनुहोस् ।**

क) शिक्षकहरुलाई नमस्कार गरेर अभिवादन गर्नु पर्छ । ☐

ख) कक्षाकोठामा शिक्षकले पढाउदै गरेको समयमा खाजा खानु पर्छ । ☐

ग) खाजा खादा निस्केको फोहोर डस्टविन राख्नुपर्छ । ☐

घ) हामी आफुले फोहोर नगर्ने र समय समयमा सरसफाई गर्नु पर्छ । ☐

ङ) विद्यालयले निर्धारण गरेको पोशाक लगाएर विद्यालय जानु पर्छ । ☐

**२) खाली ठाउँ भर्नुहोस् ।**

क) विद्यालयमा ......................... सरसफाई गर्नु पर्छ । (नियमित/अनियमित)

ख) विस्कुट, चाउचाउका खोलहरुलाई ................... मा राख्नुपर्छ । (जता पायो उतै / डस्टविन)

ग) हामीले मिलेर कक्षाकोठालाई ...................... गर्नुपर्छ। (सरसफाई / फोहोर)

घ) विद्यालय सरसफाईको लागी आवश्यक सहयोगका लागी शिक्षकसंग .............. गर्नुपर्छ। (अनुरोध / आक्रोस)

**३) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस्।**

क) तपाइलाई तपाईको विद्यालय कस्तो लाग्छ ?

उत्तर) ..........................................................................................

ख) तपाई खाजा खादा निस्केको फोहोर कहाँ फाल्नु हुन्छ ?

उत्तर) ..........................................................................................

ग) कस्ता कार्य गर्नाले विद्यालय सफा स्वच्छ र सुन्दर देखिन्छ ?

उत्तर) ..........................................................................................

घ) तपाईको कक्षा कोठाको सरसफाई कसले गर्दछ ?

उत्तर) ..........................................................................................

ङ) तपाईको विचारमा विद्यालयमा फोहोर गरेर सफा गर्नु राम्रो कि फोहोर नै नगर्नु राम्रो ?

उत्तर) ..........................................................................................

**४) तपाईको विद्यालयको चित्र कोर्नुहोस्।**

**५) परियोजना कार्य :** तपाईको विद्यालयमा सर-सफाई र अनुशासन कायम गर्न तपाईको भूमिका उल्लेख गरी विद्यालय कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।

.................................................................

.................................................................

.................................................................

.................................................................

## (ग) असल व्यावहार

### हेरौँ र बुझौँ






### पढौँ र छलफल गरौँ

**(कक्षा २ का आगन्तुक विद्यार्थीको स्वागत कार्यक्रममा कक्षा २ का विद्यार्थी क्षितिज आफ्नो स्वागत मन्तव्य राख्दै)**

धन्यवाद, उद्घोषक ज्यू,

सर्वप्रथम मलाई मेरा दुई शव्द राख्ने अवसर पाएकोमा आफैलाई भाग्यमानी ठान्दछु । कक्षा १ बाट २ मा भर्ना हुने सम्पूर्ण साथीहरुलाई स्वागत गर्दछु । यहाँहरुसंग हाम्रा आगामी दिनहरु रमाइला हुने  छन् भन्ने विश्वास लिएको छु ।

यहाँहरुको आगमनले संगसंगै मिलेर किताव पढ्न हौसला मिलेको छ । यहाहरुको पढाइले निरन्तरता पाउने छ । हामी एक अर्काका सहयोगी र साथी हुनेछौँ भन्दै दुई शब्द यहाँ टुङ्गयाउन अनुमति माग्दछु ।

**- धन्यवाद नमस्कार**

**अभ्यास**

**१) तलको अवस्थमा अभिभादन विच जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| क) शिक्षकसंग भेट हुदा | भाग्यमानी |
| ख) धेरै समयपछि मान्यजनसंग भेट भएमा | ढोग |
| ग) भाइले ढोग गरेमा | नमस्कार |
| घ) कसैले स्यावासी दिएमा | नमस्ते |
| ङ) साथीसंग भेट भएमा | धन्यवाद |

**२) खाली ठाउमा उपयुक्त शव्द लेख्नुहोस् ।**

क) कक्षाकोठामा शिक्षक पढाउन आउदा हामी .................... गर्छौं । (नमस्ते, धन्यवाद)

ख) भाइले राम्रो काम गरेमा ................. दिनुपर्छ । (स्यावासी, गाली)

ग) साथीसंग भेट भएमा ......................... गर्छौ । (नमस्कार, दर्शन)

घ) परीक्षामा प्रथम श्रेणी ल्याउमा ................. दिन्छौँ । (बधाई, धन्यवाद)

ङ) मैले बुवालाई ढोग गरे र बुवाले मलाई .................. भन्नुभयो । (भाग्यमानी, नमस्कार)

च) घरमा आमा बुवाले भनेको .................... (मान्दैन, मान्छु)

छ) छरछिमेकमा सवैलाई सहयोग ................. । (गर्नुहुदैन, गर्नुपर्दछ)

**३) तलका शब्दहरुलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

क) नमस्कार :.....................................................

ख) स्वागत :.....................................................

ग) कृपया :.....................................................

घ) धन्यवाद :.....................................................

ङ) भाग्यमानी :.....................................................

**४) तलको वाकसमा रहेका शब्दहरुलाई छुट्याउनुहोस् ।**

| | | | | | |
|---|---|---|---|---|---|
| **नमस्कार,** | **धन्यवाद,** | **स्वागत,** | **ढोग,** | **श्राप,** | **आरोप,** |
| **भाग्यमानी,** | **गाली,** | **झगडा,** | **फटाहा,** | **कृपया,** | **दर्शन** |

| शिष्टाचार शब्द | अशिष्टाचार शब्द |
|---|---|
| | |

**५) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) कसले आफैलाई भाग्यमानी ठान्दछ भने ?

उत्तर) ..........................................................................

ख) कक्षा २ का विद्यार्थीलाई स्वागत मनतव्य राख्ने व्याक्ति को हुन् ?

उत्तर) ..........................................................................

ग) क्षितिजले किन आफैलाई भाग्यमानी ठाने ?

उत्तर) ..........................................................................

घ) यो कस्तो कार्यक्रम हो ।

उत्तर) ......................................................................

ङ) क्षितिजले अन्तमा के भने ?

उत्तर) ......................................................................

- तपाइको विद्यालयमा पढाउने शिक्षकसंग भेट भयो भने के गर्नु हुन्छ ?

- तपाईको घरमा धेरै समय पछि मामा आउनु भयो भने सवै भन्दा पहिले के गर्नु हुन्छ ?


**गीत गाऔं**

आऊ साथी खेल खेलौं
बसी दाया वाया ।
ठूलालाई आदर सानालाई
गर्नु पर्छ माया ।।

**एकाई - ५** **हाम्रो वरपरका जिवजन्तु**

**<u>सिकाई उपलव्धी</u>**

- घर छिमेकका जनावर तथा पशुपन्छीको नाम भन्न र लेख्न ।
- जनावर तथा पशुपंक्षीको खाना, आवास र आवाज चिन्न



# क) जनावर तथा पशुपंक्षी


## चित्र हेरौँ र छलफल गरौँ














हाम्रो वरपर विभिन्न किसिमका जनावरहरु पाइन्छन् । केहि जनावर जमिनमा बस्छन् । केहि जनावर हावामा उड्दछन् । केहि जनावर पानीमा बस्छन् ।

विभिन्न जनावरहरुको खाने कुरा पनी फरक फरक हुन्छ । कुनै जनावर घास खान्छन् । कुनै जनावर अन्न र अन्य जनावरको सिकार गर्दछन् ।





मानिसहरु जस्तै पशुपन्छीहरु पनि आवाज निकाल्छन् । हाम्रो वरपर रहेका केहि जनावरहरुको आवाज ।



(कुखुरी काँ)



(भु भू)



(म्याउ म्याउ)



(का-का)




(कुहू कुहू)

<u>**अभ्यास**</u>

**१) जनावर र उनीहरु बस्ने ठाउँ विच जोडा मिलाउनुहोस् ।**



दुलो




जंगल



गुड



गोठ



घर



खोर



पानी

**२) खाली ठाउँमा उपयुक्त शव्द लेख्नुहोस् ।**

क) गाइले .................... खान्छ । (घास, मासु)

ख) कुखुराले .................... खान्छ । (दाना, चारो)

ग) घोडाले .................... खान्छ । (दाना, कुडो)

घ) मुसाले .................... खान्छ । (अन्न, घास)

**३) तल दिइएका जनावरहरुलाई समूहमा छुट्याउनुहोस् ।**

**गाई, भैसी, गोरु, स्याल, बाग, परेवा, माछा, काग, चिल, हात्ती, कोइली**

| जमिनमा बस्ने | आकासमा उड्ने | पानीमा बस्ने |
|---|---|---|
| | | |

**४) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) विरालोले के खान्छ ?

उत्तर) ..................................................................

ख) गाइ कहाँ बस्छ ?

उत्तर) ..................................................................

ग) कुखुरा बस्ने ठाउँलाई के भनिन्छ ?

उत्तर) ..................................................................

घ) कोइलीले कस्तो आवाज निकाल्छ ?

उत्तर) ..................................................................

ङ) गुडमा बस्ने कुनै २ पंक्षीको नाम लेख्नुहोस् ।

उत्तर) ..................................................................

५) **दिइएका जनावरहरुले निकाल्ने आवाज लेख्नुहोस् ।**





............................... ...................................





............................... ...................................

**गीत गाऊ**

चरा बस्छ गुडमा

गाई बस्छ गोठमा

मौरी बस्छ घारमा

म त बस्छु घरमा

**परीयोजना कार्य :** तपाईका अभिभावकसंग छलफल गरी तपाईको वरपरका कुनै ५ वटा जनावरको नाम लेखी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।

**एकाई - ६** **हाम्रो वातावरण**

**सिकाई उपलव्धी**

- कृषिजन्य बस्तुको नाम चिन्न र लेख्न ।
- धार्मिक स्थल चिन्न र नाम लेख्न ।
- प्राकृतिक प्रकोपसंग परिचित भई असर वताउन ।



# (क) हाम्रो कृषि

## हेरौँ र छलफल गरौँ ।











## सुनौँ र बुझौँ

हाम्रो मुख्य पेशा कृषि हो । हाम्रो मुख्य अन्न धान, गहु, कोदो हो । दलहरुको लागी मास, भट्मास, गहत, सोइटा आदिको उत्पादन गर्छौं ।







आलु, प्याज, गोलभेडा, मकै, भन्टा, चिचिन्डा, लौका, फर्सी, तरकारी, सागसव्जीको तरकारीका लागी उत्पादन गरिन्छ ।



त्यस्तै ठाँउ अनुसार फलफुल उव्जनी गरिन्छ । दुध, दहि, घिउ, माछा, मासुको उत्पादन तथा व्यावसाय पनि गर्दछन् ।



हामीलाई भोक लागे खाना खान्छौँ । खाने कुराहरु सवै किसिमका खानु पर्दछ । भात, दाल, तरकारी र उपलव्ध भए दुध, दहि, घिउ, माछा, मासु, अण्डा पनि खानु पर्छ । खाने कुराले हामीलाई शक्ति दिन्छ ।

## अभ्यास

**१) तलका खाली ठाउमा उपयुक्त शव्द छनोट गर्नुहोस् ।**

क) हाम्रो मुख्य पेशा .................... हो । (कृषि, व्यापार)

ख) हाम्रो मुख्य अन्नवाली .................... हो । (धान, आलु)

ग) आलु, प्याज, टमाटोर .................... आदि तरकारीमा प्रयोग गरिन्छ । (फर्सी, गहुँ)

**२) जोडा मिलाउनुहोस् ।**

| **चित्र** | **नाम** |
|---|---|
|  | कोदो |
|  | आलु |
|  | मकै |
|  | गहु |
|  | धान |
|  | प्याज |

**३) तलका शव्दहरु उपयुक्त ठाउमा राख्नुहोस् ।**

(धान, गहु, कोदो, भटमास, मास, आलु, प्याज, फर्सी, लौका, स्याउ, आप, केरा, अम्भा)

| अन्न | तरकारी | फलफुल |
|---|---|---|
| | | |

**४) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) हाम्रो मुख्य पेशा कुन हो ?

उत्तर) ..........................................................................

ख) अन्न वालीमा कुन कुन अन्न पर्दछन् ।

उत्तर) ..........................................................................

ग) तपाईको घरमा उत्पादन गरीने तरकारीको नाम लेख्नुहोस् ।

उत्तर) ..........................................................................

घ) खानेकुराले हामीलाई के दिन्छ ।

उत्तर) ..........................................................................

ङ) खाने कुराले हामीलाई के दिन्छ ?

उत्तर) ..........................................................................

**परियोजना कार्य :** आफ्ना अभिभावकसंग छलफल गरी कुनै ५ कृषिजन्य वस्तुको नाम लेखि कक्षाकोठामा प्रस्तुत गर्ने ।

## (ख) बैधनाथ मन्दिर



साफेँवगर नगरपालिका वडा नं. १ मा वैद्यनाथ मन्दिर पर्छ । बुढीगंगा नदिको दायाँ तटमा बैद्यनाथ मन्दिर अवस्थीत छ । वैद्यनाथ द्याम चार मुख्य धार्मिक स्थलहरु मध्ये एक हो । मन्दिर हिन्दुहरुमा ठूलो धार्मिक महत्व छ । मन्दिर आराध्य देवता भगवान शिवमा समर्पित छ । मन्दिरलाई वावा धाम र वैद्यनाथ धाम पनि भन्ने गरिन्छ ।



यस मन्दिरमा सधै पुजा आराधना हुने भएपनि विशेष गरेर महाशिवरात्री र माघी संकान्तीका दिन थुप्रै श्रद्धालु भक्तजनहरुको आज पुजा गर्न र दर्शन गर्न ठूलो धुइचो लाग्ने गर्दछ । यो मन्दिरलाई चार धामको एक धाम मानिने हुनाले हिन्दु

धर्ममा यस मन्दिरको विशेष महत्व देखिन्छ । त्यसकारण अन्य समयमा पनि मानिसको चहलपहल उत्तिकै देखिन्छ । यहाँ हुने मेलामा नेपालका साथै छिमेकी देश भारतवाट भक्तजन तथा ऋषिमुनीहरु मेला भर्न आउदछन । नेपालको एकिकरण गर्दा प्रयोग गरिएका हातहतिहार तथा इतिहास वैद्यनाथ मन्दिरमा सुरक्षित रुपमा राखिएको देख्न सकिन्छ ।



मन्दिरको छेउमा श्री वैद्यनाथ वेद विद्याश्रम विद्यालय रहेको छ । मन्दिरको प्राङ्गड वरीपरी रात्रीकालीन उज्यालोको लागी सौर्यवत्ति लगाँउका छन् । साफे हाजवजारवाट करिव ३ कि.मि. को दुरीमा बैद्यनाथ क्षेत्र रहेको छ ।

## अभ्यास

**१) खाली ठाउमा उपयुक्त शव्द छनौट गरी लेख्नुहोस् ।**

क) बैद्यनाथ धाम साफेवगर नगरपालिका, .......... मा अवस्थीत छ । ( वडा १ / वडा २)

ख) बैद्यनाथ धाम मन्दिरमा भगवान .............. को पुजा गरिन्छ । (शिव /विष्णु)

ग) मन्दिर साफेवजार हाटवजारबाट ........... को दुरीमा पर्दछ । (३ कि.मि. /४ कि.मि.)

घ) मन्दिर विशेष गरी ........... का दिनमा श्रद्धालुहरुको ठूलो भिड हुन्छ । (श्रीपञ्चमी / शिवरात्री)

ङ) वैद्यनाथ मन्दिरको छेउमा रहेको विद्यालय ........... हो । (सुर्यचन्द्र मा.वि./वेद विद्याश्राम विद्यालय)

**२) तलका वाक्यहरुलाई ठीक वेठीक छुट्याउनुहोस् ।**

क) वैद्यनाथ धाम मुख्य चार धाम मध्ये एक हो । ☐

ख) वैद्यनाथ मन्दिर साफेवगर वडा नं. २ मा पर्दछ । ☐

ग) वैद्यनाथ मन्दिरमा पार्वतीको पुजा गरिन्छ । ☐

घ) महाशिवरात्री दिनमा ठूलो मेला लाग्दछ । ☐

ङ) मन्दिर प्राङ्गडमा सौर्य बत्ती जडान गरिएका छन् ।

**३) छोटो उत्तर दिनुहोस् ।**

क) वैधनाथ धाम कति नं. वडामा पर्दछ ?

उत्तर) ....................................................................

ख) वैधनाथ धामको मन्दिरमा कुन भगवानको पुजा गरिन्छ ?

उत्तर) ....................................................................

ग) वैधनाथ मन्दिरमा कतिवटा ढोका रहेका छन ?

उत्तर) ....................................................................

घ) साफे हाटवजारवाट वैद्यनाथ मन्दिर पुग्न कति कि.मि. दुरी छ ?

उत्तर) ....................................................................

ङ) वैधनाथ मन्दिरको छेउमा अवस्थित विद्यालयको नाम के हो ।

उत्तर) ....................................................................

च) तपाइको समुदायमा रहेका कुनै २ वटा धार्मिक स्थलको नाम लेख्नुहोस् ।

उत्तर) ....................................................................

**४) तपाइको समुदायमा अवस्थीत कुनै एउटा मन्दिरको सफा चित्र कोर्नुहोस् ।**

**परियोजना कार्य :** अभिभावकसंग छलफल गरी तपाइको समुदायमा अवस्थित धार्मिक स्थल वा मन्दिरहरुको नाम लेख्नुहोस् ।

| धार्मिक स्थल / मन्दिरको नाम |
| --- |
| |

# (ग) प्रकोप

## चित्रमा हेरेर छलफल गरौँ








## पढौँ, सुनौँ र छलफल गरौँ



मेरो नाम समसेर हो । मेरो घर पहाडमा छ । मेरो घर नजिकै नदि छ । वर्षा भएमा नदिमा धेरै पानी हुन्छ । त्यसैले हामी नदिमा नुहाउन जादैनौ ।



बर्षा याममा पहिरो जान सक्दछ । त्यसवेला हामी सुरक्षित ठाउमा बस्छौँ । आकाशमा गड्याङगुडुङ्ग भयो भने घर भित्र बस्नु पर्दछ । त्यस्तो वेलामा चट्याङ्ग लाग्न सक्दछ । कहिले काहि हुरी बतास पनि चल्दछ । हुरी बतास चलेको वेला रुखका हागाहरु भचिन सक्छ । त्यसवेला हामीले घर भित्र बस्नु पर्छ । भुकम्प, ज्वालामुखी, बाढि, पहिरो, आधिबेहेरी, हुरीबतास, असिना, चट्याङ्ग, आगलागी आदि प्रकोप हुन् । प्रकोपले धनजनको ठूलो क्षती पुऱ्याउदछ ।

### अभ्यास

**१) खाली ठाँउ उपयुक्त शब्द भर्नुहोस् ।**

| | | | | |
|---|---|---|---|---|
| **आगलागी,** | **भुकम्प,** | **चट्याङ्ग,** | **हिउ,** | **बाढि पहिरो** |

क) बर्षा याममा ......................... आउन सक्छ ।

ख) जथाभावी सलाई, लाइटर चलाउदा .................... हुन सक्छ ।

ग) ...................... आयो भने सुरक्षित ठाउँमा बस्नु पर्दछ ।

घ) आकाशमा गड्याङगुडुङ्ग भएको वेला ................... लाग्न सक्छ ।

ङ) ................. पर्न थाले पछि चिसो हुन्छ ।

२) **जोडा मिलाउनुहोस् ।**

| क | ख |
| --- | --- |
| धेरै बर्षा | रुखका हागा भाचिन सक्छ |
| गड्याङगुडुङ्ग | हिउ पर्न सक्छ |
| हुरी वतास | पहिरो बाढि जान सक्छ |
| जथाभावी सलाई लाइटर चलाए | चट्याङ्ग पर्न सक्छ |
| धेरै जाडो भएमा | आगलागी हुन सक्छ |

३) **तल देखाएका चित्रमा प्रकोपको नाम लेख्नुहोस् ।**





............................ ............................





............................ ............................

**४) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) धेरै वर्षा भयो भने के – के हुन्छ ?

उत्तर) ...................................................................

ख) आकाशमा गड्याङगुडुङ्ग भयो भने के गर्ने गर्नु हुन्छ ?

उत्तर) ...................................................................

ग) कति वेला रुखका हागाहरु भचिन सक्छन ?

उत्तर) ...................................................................

घ) नदिमा धेरै पानी भएमा हामीले के गर्नु हुदैन ?

उत्तर) ...................................................................

ङ) प्रकोपहरुको नाम लेख्नुहोस् ।

उत्तर) ...................................................................

**५) शिक्षकले प्राकृतिक प्रकोपको श्रव्य, दृष्य भिडियो विद्यार्थीलाई देखाइ यसका बारे छलफल गर्ने ।**

**परियोजना कार्य :** पहिरो आएमा हुन सक्ने असरहरु वारेमा आफ्ना अभिभावकसँग छलफल गरी पहिरोका कुनै ४ वटा असरहरु लेख्नुहोस् ।

१) .....................................................................................................

२) .....................................................................................................

३) .....................................................................................................

४) .....................................................................................................

**एकाई - ७** **मेरो सिर्जना**

**<u>सिकाई उपलब्धी</u>**

- स्थानिय स्तरमा गाइने गीतसंग परिचित हुन् ।
- स्थानियक स्तरमा खेलकुद सामाग्रीको संकलन गर्न ।



## क) देउडा खेल

### चित्र हेरौँ र रमाऔँ









**पढौँ, सुनौँ र छलफल गरौँ**

नेपालको सुदुर तथा मध्यपश्चिम कर्णाली प्रदेशमा गाइने प्रचलित लोक गायन शैली नै देउडा गीत हो ।





देउडा गीत पश्चिम नेपालका मेला, चाडपर्ब, जात्रामा गाइने एक प्रकारको नृत्य प्रधान गीत हो । यस गीतमा गरिएको नृत्यलाई देउडा खेल अथवा न्याउले खेल पनि भनिन्छ ।

यो गीत विशेष गरी समूहमा प्रस्तुत गरिन्छ । स्थानिय भाषिकाहरुमा सिर्जित भई लोकप्रियता कमाएको देउडाले नेपाली संस्कृतीमा आफ्नो प्रभाव छोडेको छ । कोल घुमे जस्तै गरेर गोलाकार रुपमा देउडा खेलिन्छ । देउडा खेलमा नृत्यसंग डेढ कदम चालेर गोलो घेरा बनाई गीत गाइन्छ ।



## अभ्यास

**१) तल देखाएका चित्र अनुसारको नाम लेख्नुहोस् ।**



...................................



...................................



...................................



...................................

**२) शिक्षकले श्रव्य दृश्यमा कुनै एक देउडा गीत विद्यार्थीलाई देखाउने ।**

**३) देउडा गीत**

शिव जी शिवका धान, बान्नीको चैतली ।
भनिदेउ मनका कुरा, मिलाइ देऊ पैतली ।।
डोटी राम्रो डडेल्धुरा अछाम राम्रो साफे ।
मलाई पनि उडाइ लैजा हिउचुलीका डाफेँ ।।
बान्नी राम्रो बरदादेवी काटेश्वर कालिका ।
अछाम त बैकुन्ठ रै छ धन्य हो मालिका ।।

**४) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) देउडालाई अर्को कुन नामले पनि चिनिन्छ ?

उत्तर) ...................................................................

ख) देउडा खेल कसरी खेलिन्छ ?

उत्तर) ...................................................................

ग) देउडा खेल कहाँ कहाँ खेलिन्छ ?

उत्तर) ...................................................................

घ) देउडा खेल कुन प्रदेशमा बढी प्रचलित छ ?

उत्तर) ...................................................................

**परियोजना कार्य**

**विद्यार्थीहरुले आफ्ना अभिभावकलाई सोधेर २–३ वटा देउडा गीत लेखी ल्याएर कक्षामा प्रस्तुत गर्ने ।**

## ख) खेलकुद सामाग्री

### हरौँ, खेलौ र रमाऔँ






## पढौँ र खेलौँ



हामीलाई खेल्न रमाइलो लाग्छ । विद्यालय वा खुला चौरमा खेल खेल्छौँ । हामी साथीहरु मिलेर खेल्छौ । कहिले लुकामारी, चुङ्गी, रुमाल लुकाई खेल खेल्छौँ ।



कहिले बल, गट्टा, डण्डी वियो, लक्कु ढाल खेल्छौँ । खेल खल्न आमीलाई डोरी, गट्टा, ढ्याक, चुङ्गी, रुमाल, डण्डा, दियो आदि सामाग्री चाहिन्छन् । हाम्रो गाउँ समुदायमा रहेका ढुंगा, माटो, काठका टुक्रा आदिवाट खेलकुद सामाग्री निर्माण गर्छौं । खेलले शरीरलाई फुर्तिलो र बलियो बनाउदछ । खेलले स्वास्थ्य राम्रो हुन्छ ।

### अभ्यास

१) तलका खाली ठाँउमा उपयुक्त शव्द लेख्नुहोस् ।

क) हामी खेल ………………… खेल्छौ । (लडेर / मिलेर)

ख) हामीलाई लक्कु ढाल खेल खेल्न ……………. सामाग्री चाहिन्छ । (ढ्याक, रुमाल)

ग) खेलले स्वास्थ्य ……………. बनाउदछ । (राम्रो, नराम्रो)

घ) हामीले खेल्ने खलका लागि चाहिनजे सामाग्री ……………. बाट संकलन गर्छौं । ( गाउघर, बजार)

ङ) हाम्रो समुदायमा रहेका माटो, ……………. बाट खेलकुदका सामाग्री बनाउछौँ । (ढुङ्गा, खेलौना)

२) जोडा मिलाउनु होस् ।

| खेल | सामाग्री |
| --- | --- |
|  |  |
|  |  |
|  |  |
|  |  |
|  |  |
|  |  |

**३) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) तपाई खेल कहाँ खेल्नुहुन्छ ?

उत्तर) .............................................................

ख) तपाईलाई मनपर्ने कुनै ३ खेलको नाम लेख्नुहोस् ।

उत्तर) .............................................................

ग) तपाइलाई खेल खेल्न चाहिने कुनै ३ वटा खेलकुद सामाग्रीको नाम लेख्नुहोस् ।

उत्तर) .............................................................

घ) रुमाल लुकाई र डोरी तान्ने खेलमा कुन कुन खेलकुद सामाग्रीको आवश्यकता पर्दछ ।

उत्तर) .............................................................

ङ) खेलले शरीरलाई कस्तो बनाउदछ ?

उत्तर) .............................................................

**४) तलको चित्रमा देखाए जस्तै मिलेर खेल खेल्नुहोस् ।**



**परियोजना कार्य :** तपाईका अभिभावकको सहयोगथमा लक्कु ढाल खेलका लागि आवश्यक सामाग्री संकलन तथा निर्माण गरी विद्यालयमा साथीहरुसंग खेल खेल्नुहोस् ।

एकाई - ८ हाम्रो संस्कृती

**सिकाई उपलव्धी**

- स्थानीय पोषाकको सूचि तयार गर्न ।
- स्थानीय गरगहनाको नाम लेख्न ।
- स्थानीय चाडपर्व तथा मेला उत्सवको सूचि बनाउन ।
- स्थानीय परिकारको नाम लेख्न ।
- स्थानीय वाजाहरुको नाम लेख्न ।






# हाम्रो चिनारी




हाम्रो आ-आफ्नो चाल चलन छ । हाम्रो आफ्नै पहिरन छ । मौसम तथा चाडपर्व अनुसारका पहिरन हुन्छन् । पहिरनले हाम्रो चिनारी झल्काउछ । गर्मीमा पातलो लुगा लगाउछौँ । जाडोमा बाक्लो लुगा लगाउछौँ ।















गरगहना पनि आफ्नो चिनारीको आधार हो । हामी विभिन्न चाडपर्वमा गरगहना लगाउछौँ । शरीरको विभिन्न भागमा गरगहना लगाउने गरिन्छ ।










## अभ्यास

**१) तलका वाक्यमा उपयुक्त शव्द लेख्नुहोस् ।**

क) विवाहमा दुलाहाले ........................ लगाउदछन् । (दाउरा सुरवाल / सारी, बुलाउज)

ख) महिलाहरुको हातमा लगाउने गहना ........................ हो । (बाला/कल्ली)

ग) महिलाहरुको घाटीमा लगाउन मिल्ने गहना ........................ हो । (पाउजु / तिलहरी)

घ) महिलाको नाकमा लगाउने गहनालाई ........................ भनिन्छ । (काटा / खन्टो )

ङ) पुरुषको टाउकोमा लगाउने पहिरन ........................ हो । (जुत्ता / टोपी )

**२) तलका पहिरन र पहिरनका नाम बीच जोडा मिलाउनुहोस् ।**



दाउरा सुरुवाल



सेन्डल



ढाकाको चोलो



टोपी



सारी



धोती



फरीया

**३) तलका बाकसवाट उपयुक्त गहनाको नाम लेख्नुहोस् ।**






.................. .................. .................. ..................






.................. .................. .................. ..................

**४) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) हाम्रो पहिरनले के झल्काउदछ ?

उत्तर) ..................................................................

ख) पुरुषले लगाउने कुनै ३ वटा पोशाकको नाम लेख्नुहोस् ?

उत्तर) ..................................................................

ग) महिलाले लगाउने कुनै ३ वटा गरगहनाको नाम लेख्नुहोस् ?

उत्तर) ..................................................................

घ) गहना फुली शरीरको कुन भागमा लगाइन्छ ?

उत्तर) ..................................................................

ङ) खुट्टामा लगाउने कुनै एक गहनाको नाम लेख्नुहोस् ?

उत्तर) ..................................................................

च) हातको औलामा लगाइने गहनाको नाम के हो ?

उत्तर) ..................................................................

**५) तल दिएका शब्दलाई समूहमा विभाजन गर्नुहोस् ।**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| टोपी, | कोट, | खन्टो, | काटा, | झुम्का, | साडी, | वुलाउज, | पाउजु, |
| जुत्ता, | तिलहर, | सुरवाल, | कमिज, | नौगेडी, | औँठी, | चुरा | |

| पहिरन | गरगहना |
|---|---|
| | |

**परियोजना कार्य :** समूहमा छलफल गरी ५-५ वटा पहिरन र गरगहनाका नामको सूचि तयारी गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

## २) चाडपर्व

### हेरौँ र छलफल गरौँ









## पढौँ र छलफल गरौँ

हाम्रो समाजमा थरी थरीका मानिस बसोवास गर्छौ । हाम्रो आ-आफ्नो चालचलन हुन् ।





हामीले मनाउने चाडपर्व फरक फरक हुन् । हामी चाडपर्वमा रमाइलो गर्दछौँ । चाडपर्वमा आफन्त जनसंग भेटघाट हुन्छ ।

हाम्रा चाडपर्वहरु दशैँ, भैले तिहार, शिवरात्री, तिहार, विशु पर्व, ओल्के तिहार, भुवा पर्व, होली आदि ।



हामीले हौषल्लास पूर्वक मनाइने चाड पुष पन्ध्र पनि हो । तथापी हाम्रो नेपाली परम्परा अनुसार पुष पन्ध्रको रात्रीलाई ठूली रात भनिन्छ ।



पुष पन्ध्रमा टोल छिमेकमा भेला भई आगो तापेर रातभर जाग्राम बस्ने गरिन्छ । चामलको पिठो, चिनी र घिउ वा तेलको प्रयोग गरी ढुकढुके रोटी ( निसासे रोटी) पकाइन्छ ।

पुष १५ गते बेलुकी प्रत्येक घरमा वा सामूहिक तथा विशेष गरी युवतीहरु एकै ठाउमा जम्मा भई ढुकढुके रोटी पकाउने, न्याउले खेल्ने, कथा सुन्ने, सुनाउने गरेर रमाउदैं रातभर जागराम गरी बिताउने र बिहान उज्यालो नहुदै नुहाईधुवाइ गर्ने चलन रहिआएको छ ।

**अभ्यास**

**१) तल दिइएका खाली ठाउमा उपयुक्त शव्द लेख्नुहोस् ।**

क) ...................... मान्यजनवाट टिका तथा आर्शिवाद ग्रहण गरिन्छ । (दशै / तिहार)

ख) हामी विशेष ढुकुढुके रोटी ............................... पकाउछौं । (साउन पन्ध्र / पुष पन्ध्र)

ग) महिला दिदी बहिनीले आफ्ना सुःख दुःख गितमा प्रस्तुत गरी मनाइन्छ .................. हो । (तिज/होली)

घ) महिला दिदीबहिनीले एकै किसिमको पहिरन लगाई गरिने ................... देउडा हो । ( पुतला / होली)

ङ) इष्टमित्र तथा मान्यजनलाई फलफुल, सागसब्जी तथा उपहार दिने ....................... चाड हो । (ओल्के / विशु)

**२) धर्का तानेर जोडा मिलाउनु होस् ।**

| | |
|---|---|
| टिका तथा जमरा लगाउने | होली |
| रंग खेल्ने | तीज |
| दर खाने | दशै |
| इष्टमित्र तथा मान्यजनलाई उपहार दिने | भाइटिका |
| देवर भाउजु, साली, भिनाजु विच सिस्नु चिलाउने | ओल्के तिहार |
| दिदि बहिनीले आफ्ना दिर्धायुको कामना | बिसु पर्व |

### ३) तल दिएका चाडपर्वको नाम लेख्नुहोस् ।








................................. ...................................... ................................







................................. ...................................... ................................

### ४) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) पुष पन्ध्रमा कस्तो परिकार पकाइन्छ ?

उत्तर) ..................................................................

ख) पुस पन्ध्र कहिले मनाइन्छ ?

उत्तर) ..................................................................

ग) तपाइको गाउँ समाजमा मनाइने कुनै ३ वटा चाडपर्वको नाम लेख्नुहोस् ?

उत्तर) ..................................................................

घ) तपाई चाडपर्वमा के-के गर्नुहुन्छ ?

उत्तर) ..................................................................

ङ) चाडपर्वमा को संग भेटघाट हुन्छ ?

उत्तर) ..................................................................

**५) तपाइको समुदायमा मनाइने कुनै चाडपर्वको श्रव्य दृश्य विद्यार्थीलाई देखाउनुहोस ।**

**परियोजना कार्यः** अभिभावकसंग छलफल गरी तपाइको समुदायमा मनाई चाडपर्वको सुचि तयार पारी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।

# (४) स्थानिय खानाका परिकार

## हेरौँ र छलफल गरौँ













पिनापानी वा रोट को तस्विर.......

मेरो नाम सोनाक्षी हो । आज मामा घर आउनु भयो । आमाले स्वादिष्ट खानाको परिकार पकाउनु हुन्छ । मामालाई मन पर्ने परीकार फाडो हो । फाडो मासवाट बनाइन्छ ।





आमाले कहिलेकाहि कापु पकाउनु हुन्छ । बुवालाई कापु सारै मन पर्दछ । कापु हरियो सागपातबाट बनाइन्छ ।

आमालाई मनपर्ने परिकार पिनापानी हो । पिनापानी पिनालाई भिजाइ सुकाएर बनाइन्छ । हजुर बा लाई असिका धेरै मन पर्दछ । चामललाई पिसेर असिका बनाइन्छ । मलाई आफ्नो घरको खाना साहै मन पर्दछ । घरको खाना स्वस्थकर हुन्छ ।



## <u>अभ्यास</u>

**१) खाली ठाउँमा उपयुक्त शब्द छनौट गर्नुहोस् ।**

क) स्थानीय परिकार फाडो बनाउन ............................ चाहिन्छ । (मास/पिठो)

ख) चामलको पिठो ................ बनाउन प्रयोग गरिन्छ । (फाडो/सेल)

ग) असिका बनाउन हामीलाई .............. सामाग्री चाहिन्छ । (चामलको पिठो/हरियो साग)

घ) कापु पकाउन ............. चाहिन्छ । (मास/हरियो सागपात)

ङ) पुरी पकाउनको लागि ........... चाहिन्छ । (चामलको पिठो/गहुको पिठो)

**२) तलका दिइएका परिकारहरुको नाम लेख्नुहोस् ।**





............................ ............................





............................ ............................

**३) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) घरमा को आउनु भयो ?

उत्तर) ..........................................................................................

ख) पिनापानी कसलाई मन पर्दछ ?

उत्तर) ..........................................................................................

ग) कापु कसलाई मन पर्ने परिकार हो ?

उत्तर) ..........................................................................................

घ) कापु कसलाई मनपर्ने परिकार हो ?

उत्तर) ..........................................................................................

ङ) आमालाई मनपर्ने परिकार कुन हो ?


उत्तर) ..........................................................................................

**परियोजना कार्य :** तपाइको अभिभावकसंग छलफल गरी तपाईको समुदायमा पकाइने परिकारको सुची तयार पारी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।

## (५) स्थानिय वाजा

### हेरौं र छलफल गरौं













वाजा कुनै पनि ठाँउको कला र संस्कृति झल्काउछ । मानिसहरुले आ–आफ्नो धर्म रितिरिवाज अनुसार सुख दुःखमा थरीथरीका वाजा वजाउने गर्छन । बिभिन्न वाजाले विशेष धुन निकाल्ने गर्दछ ।



विवाह, ब्रतवन्ध, जात्रा आदि शुभकार्यमा भिन्न शैली र धुनमा वाजा बजाइन्छ । त्यस्तै अशुभ कार्यमा पनि भिन्न शैली र धुनमा विभिन्न वाजाको सहयोगमा वाजा बजाइन्छ ।

## अभ्यास

**१) शिक्षकले स्थानिय बाजाहरुको प्रयोग निर्माण गरिएको भिडियो देखाउने ।**

**२) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) बाजाले के कुरा झल्काउछ ?

उत्तर) ..............................................................

ख) बाजा कुन कुन समयमा बजाउछन ?

उत्तर) ..............................................................

ग) कुनै पाँच स्थानिय वाजाको नाम भन्नुहोस् ?

उत्तर) ..............................................................

**३) जोडा मिलाउनुहोस् ।**



झ्याली



नरसिगो



ढोलक



मादल



हुड्को

**४) शिक्षकले विद्यालयमा उपलव्ध भएका बाजाहरु विद्यार्थीहरुलाई पालै पालो बजाउन लगाउने र आवश्यक सहयोग गर्ने ।**

**५) तपाइलाई मन पर्ने कुर्ने एक स्थानिय बाजाको सफा चित्र कोर्नुहोस् ।**

६) तलका चित्र हेरेर स्थानिय वाजाको नाम लेख्नुहोस् ।

........................ ........................ ........................ ........................

........................ ........................ ........................ ........................

**परियोजना कार्य :** अभिभावकसंग छलफल गरी तपाईको समुदायमा विवाहमा बजाइने स्थानिय बाजाहरुको नाम लेख्नुहोस् ।

| **क्र.सं.** | **स्थानिय बाजाको नामहरु** |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |